# नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समितिद्वारा जारी

## निर्वाचन कार्यविधि,२०७७

नेपाल पत्रकार महासंघको केन्द्रीय समितिको निर्वाचनलाई पारदर्शी तथा विधिसम्मत रुपमा सञ्चालन गर्नका लागि नेपाल पत्रकार महासंघको विधान, २०६० (पाँचौं संशोधन २०७५) को धारा ३५ (३) (क)बमोजिम केन्द्रीय निर्वाचन समितिद्वारा निर्वाचन कार्यविधि, २०७७जारी गरिएको छ ।

**१. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा**

१. यस कार्यविधिको नाम नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको निर्वाचन कार्यविधि, २०७७ रहेकोछ ।

२. यो कार्यविधि निर्वाचन समितिको मिति २०७७चैत्र ७ गते बसेको आठौं बैठकबाट पारित भई लागु भएको छ।

३. यस कार्यविधिमा निर्वाचन समिति भन्नाले नेपाल पत्रकार महासंघको धारा ३५(४) बमोजिम गठन भएको केन्द्रीय निर्वाचन समितिलाई सम्झनुपर्दछ ।

४. "उम्मेदवार" भन्नाले नेपाल पत्रकार महासंघको विधान बमोजिमकेन्द्रीय समितिका पदाधिकारी,सदस्य र लेखा समिति संयोजक र लेखा समितिसदस्य, केन्द्रीय परिषद सदस्य, प्रदेश परिषद सदस्य, मातहत पदाधिकारी तथा सदस्यपदको उम्मेदवार सम्झनुपर्दछ ।

५. "महासंघ" भन्नाले नेपाल पत्रकार महासंघलाई सम्झनुपर्दछ ।

६. ''केन्द्रीय समिति'' भन्नाले पत्रकार महासंघको केन्द्रीय समितिलाई सम्झनुपर्छ ।

**२. मतदाता नामावली सम्बन्धमा**

१. नेपाल पत्रकार महासंघको निर्वाचन सम्पन्न गर्नको लागि मतदाताको नामावली केन्द्रीय समितिले निर्वाचन समितिलाई उपलब्ध गराए बमोजिम हुनेछ ।

२. उपनियम (१) बमोजिम प्राप्त नामावलीलाई नै मतदाता नामावली मानिने छ ।

३. केन्द्रीय समितिले निर्वाचन समितिलाई मतदाता नामावली पठाउँदा देहाय बमोजिम प्रयोजन स्पष्ट खुल्नेगरी पठाउनु पर्नेछ ।

क. पदाधिकारीलाई मतदान गर्न पाउने सबै मतदाताको नाम ।

ख. प्रदेश नं. १ बाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने मतदाताको नाम ।

ग. प्रदेश नं. २ बाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने मतदाताको नाम ।

घ. वागमती प्रदेश (उपत्यका बाहेक) बाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने मतदाताको नाम ।

ङ. गण्डकीप्रदेशबाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने मतदाताको नाम ।

च. लुम्बिनी प्रदेशबाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने मतदाताको नाम ।

छ. कर्णाली प्रदेशबाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने मतदाताको नाम ।

ज. सुदूर पश्चिम प्रदेशबाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने मतदाताको नाम ।

झ. बागमती प्रदेशको काठमाडौं उपत्यकाबाट (एशोसिएट र प्रतिष्ठान शाखाका सदस्य बाहेक) क्षेत्रबाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने मतदाताको नाम ।

ञ. प्रतिष्ठान प्रदेशका तर्फबाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने मतदाताको नाम ।

ट. एशोसिएट प्रदेशका सदस्य संस्थाको प्रतिनिधिमध्येबाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने मतदाताको नाम ।

(विधानको धारा १६(२) बमोजिम गैरभौगोलिकतर्फ प्रतिष्ठान शाखाहरुको अलग क्षेत्र मानी एक वटा र संस्थागत सदस्यहरुको अलग क्षेत्र मानी एक वटा प्रदेश समिति)

ठ. महिला, दलित, आदिवासीजनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति र अल्पसंख्यक निर्वाचन क्षेत्रबाट निर्वाचित हुने सदस्यहरुलाई मतदात गर्ने मतदाताको नाम ।

४. केन्द्रीय समितिले निर्वाचन समितिलाई उपलब्ध गराएको नामावलीलाई आधार मानी निर्वाचन हुनुभन्दा अगाबै अनुसूची-१ मा उल्लिखित कार्यतालिका बमोजिम मतदाता नामावली प्रकाशन गर्नेछ ।

५. मतदाता नामावलीमा कसैको नाम गलत प्रकाशन भएमा वा नपर्नुपर्ने नाम समावेश भएमा दाबी-विरोध गर्न अनुसूची-१ मा उल्लेख भए बमोजिम समय दिइनेछ ।


६. उपनियम ५ बमोजिम कुनै दाबी विरोध परेमा निर्वाचन समितिले आवश्यक जाँचबुझ गरी उपनियम २ बमोजिम नै मतदाताको अन्तिम नामावली प्रकाशन गर्नेछ । यसरी मतदाता नामावली प्रकाशित भएपछि सो नामावलीमा कुनै परिवर्तन गरिने छैन ।

**३. निर्वाचन हुने पद र मतदाता प्रतिनिधिसम्बन्धी व्यवस्था**

महासंघको विधानको धारा १६(३)(४) र (५) अनुसार महासंघको केन्द्रीय समितिका लागि निम्न पदमा निम्न अनुसारका मतदाताबाट निर्वाचन हुनेछ :



| क्र. सं. | पद | निर्वाचितहुने संख्या | मतदाता हुनपाउने सदस्य |
|---|---|---|---|
| १. | अध्यक्ष | १ | सबै मतदाता |
| २. | वरिष्ठ उपाध्यक्ष-१,<br>उपाध्यक्ष(महिला) -१<br>उपाध्यक्ष(समावेशी)-१ | ३ | सबै मतदाता |
| ३. | महासचिव | १ | सबै मतदाता |
| ४. | सचिव खुल्ला -१<br>सचिव(महिला) -१<br>सचिव(आदिवासी जनजाति)-१<br>सचिव(मधेसी)-१<br>सचिव(दलित)-१<br>सचिव(एसोसिएट)-१ | ६ | सबै मतदाता |
| ५. | कोषाध्यक्ष | १ | सबै मतदाता |
| ६. | प्रदेश नं. १सदस्य | २ | प्रदेश नं. १ का सबै मतदाता । |
| ७. | प्रदेश नं. २ सदस्य | २ | प्रदेश नं. २ का सबै मतदाता । |
| ८. | वागमती(उपत्यकावाहेक) सदस्य | २ | वागमती प्रदेशकाउपत्यका बाहेकका सबै जिल्लाका मतदाता । |
| ९. | गण्डकी प्रदेशसदस्य | २ | गण्डकी प्रदेशकासबै मतदातहरु । |
| १०. | लुम्बिनी प्रदेश सदस्य | २ | लुम्बिनी प्रदेशकासबै मतदाताहरु । |
| ११. | कर्णाली प्रदेश सदस्य | २ | कर्णाली प्रदेशका सबै मतदाताहरु । |
| १२. | सुदूर पश्चिम प्रदेशसदस्य | २ | सुदूर पश्चिम प्रदेशकासबै मतदाताहरु । |
| १३. | वागमती प्रदेश उपत्यका सदस्य | २ | बागमती प्रदेश उपत्यकाभित्रका तीन जिल्लाका |



| | | | |
|---|---|---|---|
| | | | सबै मतदाता । |
| १४. | प्रतिष्ठान प्रदेशसदस्य | २ | प्रतिष्ठान शाखाका मतदाता । |
| १५. | संस्थागत प्रदेश(एशोसिएट) सदस्य | २ | संस्थागत (एशोसिएट) मतदाता । |
| १६. | खुल्ला सदस्य | ५ | सबै मतदाता । |
| १७. | महिला सदस्य (मधेशी-१,आदिवासी जनजाति-१, खस आर्य-१ र दलित-१) | ४ | सबै मतदाता |
| १८. | दलित सदस्य (अनिवार्य महिला-१) | २ | सबै मतदाता |
| १९. | आदिवासी जनजाति सदस्य( अनिवार्य महिला-१) | २ | सबै मतदाता |
| २०. | मधेशी सदस्य (अनिवार्य महिला-१) | २ | सबै मतदाता |
| २१. | अपाङ्गता भएका सदस्य | १ | सबै मतदाता |
| २२. | अल्पसंख्यक सदस्य | १ | सबै मतदाता |
| २३. | लेखा समिति संयोजक १<br>लेखा समिति सदस्य (खुल्ला) १<br>लेखा समिति सदस्य (महिला) १ | ३ | सबै मतदाता |

## ४. निर्वाचनको कार्यक्रम सम्बन्धमा

निर्वाचन कार्यक्रम अनुसूची-१बमोजिम सञ्चालन हुनेछ । तर, निर्वाचन समितिले आवश्यकता अनुसार निर्वाचन कार्यतालिकामा हेरफेर गर्न सक्नेछ ।

## ५. उम्मेदवारी दर्ता तथा उम्मेदवार हुन आवश्यक योग्यता सम्बन्धमा

१. निर्वाचनमा उम्मेदवार हुन चाहने कुनै पनि मतदाताले अनुसूची-१ मा निर्धारित निर्वाचन कार्यतालिका अनुसार केन्द्रीय निर्वाचन समितिको कार्यालयमा उम्मेदवारको मनोनयन गर्नुपर्नेछ ।

२. उम्मेदवार हुनका लागि अनुसूची २ बमोजिमको ढाँचामा मनोनयन पत्र दाखिल गर्नुपर्नेछ ।

३. उम्मेदवारले मनोनयन दर्ता गर्दा आफ्ना मतदातामध्येएकजनाले प्रस्ताव गरेको र एकजनालेसमर्थन गरेको हुनुपर्नेछ । प्रस्तावक समर्थक मताधिकारअनुसार हुनुपर्नेछ ।

४. मनोनयन दर्ताको साथमा उम्मेदवारले देहाय बमोजिमको शुल्क समेत दाखिल गर्नुपर्नेछ :

क. अध्यक्षले रु.१०,०००।- (दश हजार)

ख. केन्द्रीय पदाधिकारीको लागिरु.८,०००।- (आठ हजार)

ग. केन्द्रीय कार्यसमिति सदस्य, लेखा समिति संयोजक तथा सदस्यहरुको लागि रु.६,०००।- (छ हजार)

५. उपनियम ४ बमोजिम दाखिला भएको उम्मेदवारी शुल्क फिर्ता गरिने छैन ।

६. कुनै उम्मेदवार मनोनयन गर्न निर्वाचन कार्यालयमा उपस्थित हुन नसक्ने भएमा वारेस मार्फत समेत उम्मेदवारी दर्ता गराउन सक्नेछ ।

७. महासंघको अध्यक्ष पदमा उम्मेदवार हुन चाहने व्यक्तिले विधानको धारा १६(८) बमोजिम लगातार १० वर्ष र अन्य पदका लागि लगातार७ वर्ष महासंघको अविच्छिन्न सदस्य भएको हुनुपर्नेछ । यस प्रयोजनका लागि वर्ष गणना गर्दा निर्वाचनमा उम्मेदवारी मनोनयनको मिति सीमाङ्कन मानिनेछ ।

## ६. उम्मेदवारको नामावली प्रकाशन

मनोनयन दर्ता भएपछि उम्मेदवारको नामावली प्रकाशन गरिनेछ र यसरी प्रकाशन गर्दा पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपिको वर्णानुक्रमानुसार उम्मेदवारको नाम उल्लेख गरिनेछ ।

## ७. उम्मेदवारको नाम उपर छानबिन तथा दाबी विरोध

१. उम्मेदवारले पेश गरेको मनोनयन फाराम निर्वाचन समितिले छानबिन गर्दा फाराम भर्दा पेश गर्नुपर्ने विवरण पूरा नभएमावा निर्वाचन क्षेत्र निर्धारण गरिएकोमा सो निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम नभएमा त्यस्ता उम्मेदवारको उम्मेदवारी रद्द हुनेछ र उम्मेदवारको सूचीबाट कारण उल्लेख गरी नाम हटाइनेछ ।

२. उम्मेदवारको नामावली प्रकाशन भएपछि कुनै पनि प्रतिनिधिले कुनै उम्मेदवारको योग्यता पूरा नभएको वा अन्य दाबी विरोध गर्नुपर्ने कारण उल्लेख गरी निर्वाचन कार्यविधि अनुसारको कार्यतालिका बमोजिमको समयमा दाबी विरोध गर्न पाउने छन् । यस्तो दाबी विरोधमा उल्लिखित व्यहोरा सत्य ठहरिएमा त्यस्ता उम्मेदवारको नाम उम्मेदवारी सूचीबाट हटाइनेछ ।

३. कुनै उम्मेदवारको अयोग्यताको सम्बन्धमा प्रश्न उठेमा आफू योग्य भएको प्रमाण उम्मेदवार स्वयम्ले पेश गर्नुपर्नेछ र सोको निरुपण महासंघको केन्द्रीय कार्यालयको अभिलेखको आधारमा गरिनेछ ।

## ८. उम्मेदवारी फिर्ता लिन समय दिइने

निर्वाचन कार्यविधि अनुसारको कार्यतालिका बमोजिमको समयमा कुनै उम्मेदवारले नाम फिर्ता लिन चाहेमा निर्वाचन समितिसमक्षआफै उपस्थित भई निवेदन दिई नाम फिर्ता लिन सक्नेछ ।

## ९. उम्मेदवारको अन्तिम नामावली प्रकाशन

१. उम्मेदवारी फारामको छानबिन, दाबी विरोध तथा नाम फिर्ता लिने समय समाप्त भएपछि उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ ।

२. अन्तिम नामावली प्रकाशन गर्दा पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपीको वर्णानुक्रमानुसार उम्मेदवारको नामावली उल्लेख गरिनेछ ।

## १०. मतपत्रसम्बन्धी व्यवस्था

१. मतपत्रको नमूना अनुसूची-३ बमोजिम हुनेछ ।

२. मतपत्रमा निर्वाचन समितिको कुनै दुई सदस्य र मतदान अधिकृतको हस्ताक्षर हुनेछ ।

३. मतदान गर्ने समयमा मतपत्र च्यातिएमा वा मतदाताले निर्दिष्ट उम्मेदवारलाई मतदान गर्न असमर्थ भई मतपत्र परिवर्तन गर्न चाहेमा मतदान अधिकृतले मतपत्रलाई आफ्नो नियन्त्रणमा राखी सो व्यहोरा जनाई अर्को मतपत्र जारी गर्नेछ, र मतदानको अन्त्यमा सोको मुचुल्का बनाउनु पर्नेछ ।

## ११. मतदान अधिकृत, मतगणना अधिकृत तथा अन्य कर्मचारीहरु नियुक्त गर्न सकिने

निर्वाचन समितिले मतदान, मतगणना तथा निर्वाचन कार्यक्रमलाई व्यवस्थित गर्नका लागि मतदान अधिकृत, मतगणना अधिकृत तथा अन्य आवश्यक कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

## १२. मतदानको व्यवस्थापन

**१.** निर्वाचन समितिले निर्वाचन कार्यतालिकाअनुसार मतदानका लागि मतदान स्थलको व्यवस्था मिलाउनेछ ।

२. मतदाता नामावलीमा रहेको नाममा हस्ताक्षर गराइसकेपछिमात्र मतपत्र प्रदान गरिनेछ ।

३. मतदानको समयमा मतदानस्थलमा निर्वाचन समितिको अनुमति प्राप्त भएको व्यक्तिबाहेक अन्यलाई प्रवेश दिइने छैन ।

४. निर्वाचनमा गोप्य मतदान विधिको प्रयोग गरिनेछ ।

५. मतदान गर्न जादा गोप्य मतदान स्थलमा क्यामरा र मोवाइलफोन लिएर जान पाइने छैन ।

६. मतदानका लागि निर्दिष्ट गरिएको तरिका बमोजिम मतदानमा सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

## १३. मतगणनासम्बन्धी व्यवस्था

**१.** मतदानको समयअवधिसमाप्त भएपछि मतगणना प्रारम्भ गरिनेछ ।

२. मतगणना स्थलमा निर्वाचन समितिले तोकेका बाहेक अन्य व्यक्तिलाई प्रवेश दिइने छैन ।

## १४. सदर मत र बदर मत निर्धारण

**१.** सदर मत र बदर मतको निर्धारण अनुसूची-४बमोजिमगरिनेछ ।

२. सदर मत वा बदर मत सम्बन्धमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

## १५. मतपरिणामको घोषणा

**१.** मतगणना समाप्त भएपछि जुन पदको मतगणना समाप्त भएको हो, सो पदको परिणाम प्रकाशन गर्नसकिनेछ ।

२. क्षेत्रगत सदस्यहरुको परिणाम मतगणना सकिएपछि र पदाधिकारी तथा अन्य सदस्यको परिणाम प्रत्येक निश्चित संख्याको गणना सकिएपछि सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

**१६.** निर्वाचित पदाधिकारी, सदस्य, लेखा समिति संयोजक तथा सदस्यहरुलाई अनुसूची-५ बमोजिमको ढाँचामा प्रमाणपत्र दिइनेछ ।

## १७. मतपत्र र निर्वाचनसम्बन्धी सामग्रीको सुरक्षा

१. निर्वाचन सकिएपछि निर्वाचनको क्रममा निर्वाचन समितिलाई प्राप्त कागजात, मतपत्र तथा अन्य सामग्रीहरु निर्वाचन समितिले नवनिर्वाचित अध्यक्षलाई शिलबन्दी गरी हस्तान्तरण गर्नेछ ।

२. निर्वाचित समितिलाई सामग्री हस्तान्तरण गरेपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

**१८. निर्वाचन कार्यालय**

निर्वाचन समितिको कार्यालय महासंघको केन्द्रीय कार्यालय,सञ्चारग्राम तिलगंगा, काठमाडौंमा रहनेछ ।

**१९. उम्मेदवारका तर्फबाट प्रतिनिधि उपस्थित हुनसक्ने**

कुनै उम्मेदवारले आफ्नातर्फबाट कार्य गर्नका लागिउम्मेदवार प्रतिनिधि तोक्नुपर्ने भएमा लिखित रुपमा निर्वाचन समितिलाई दिनु पर्नेछ । त्यस्तो प्रतिनिधिले गरेको कार्य उम्मेदवारले गरेको मानिनेछ ।

२०. **निर्वाचन प्रचार-प्रसार**

मतदान हुने क्षेत्रको परिसरभित्र प्रचार-प्रसार गर्न पाइने छैन ।

**२१. निर्वाचन स्थगन भएमा**

१. कुनै कारणले तोकिएको कार्यतालिकाअनुसार कुनै कार्य सम्पन्न गर्न असमर्थ भएमा निर्वाचन समितिले कार्यतालिकामा आवश्यक हेरफेर गर्नसक्नेछ ।

२. मतदान वा मतगणना कार्य प्राकृतिक प्रकोप वा अन्य कारणले स्थगित भएमा समितिले अर्को उपयुक्त मिति र समयको घोषणा गरी मतदान वा मतगणनाको कार्य अघिबढाउन सक्नेछ ।

**२२. विधान लागु हुने**

यस कार्यविधिमा उल्लिखित कुनै व्यहोरा महासंघको विधानसँग बाझिएमा नेपाल पत्रकार महासंघको विधानको व्यवस्था लागु हुनेछ ।

**२३. निर्वाचन समितिको निर्णय अन्तिम हुने**

यस निर्वाचन कार्यविधिमा उल्लेख भएकोमा सोहीबमोजिम र अन्य कुरामा निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

अनुसूची १

## निर्वाचन कार्यतालिका

**नियम ४ सँग सम्बन्धित**

**देहायको कार्यतालिका बमोजिमनिर्वाचन सम्पन्न गरिनेछ:**

# केन्द्रीय समितिको निर्वाचन कार्यतालिका

| | |
|---|---|
| १) **निर्वाचन कार्यतालिका प्रकाशन** | २०७७चैत्र ०७ गते साँझ ५:१५ बजे । |
| २) **मतदाता नामावली प्रकाशन** | २०७७चैत्र ०९ गते राति ९:०० बजे । |
| ३) **मतदाता नामावली उपर दाबी विरोध** | २०७७चैत्र १० गते साँझ ५:०० बजेसम्म । |
| ४)**अन्तिम मतदाता नामावली प्रकाशन** | २०७७चैत्र१२गते साँझ५:०० बजे । |
| ५) **उम्मेदवार मनोनयन** | २०७७चैत्र १३गते बिहान १०:३० बजेदेखि दिउँसो ३:०० बजेसम्म । |
| ६) **उम्मेदवारको नामावली प्रकाशन** | २०७७ चैत्र १३ गते साँझ ६:०० बजे । |
| ७) **उम्मेदवार उपरको दाबी विरोध** | २०७७ चैत्र १४ गते दिउँसो २:०० बजे । |
| ८) **उम्मेदवारले नाम फिर्ता लिने** | २०७७ चैत्र १७ गते बिहान ११ बजे । |
| ९) **उम्मेदवारको अन्तिम नामावली प्रकाशन** | २०७७ चैत्र १७ गते साँझ ५:०० बजे। |
| १०) **मतदान** | २०७७ चैत्र २५ गते बिहान ९:००बजेदेखि साँझ५:०० बजेसम्म । |
| ११) **मतगणना** | २०७७ चैत्र २५ गते मतदानको लागि तोकिएको समय समाप्त भएपश्चात । |

कार्यतालिकामा उल्लिखितसबै कार्यक्रमसम्बन्धित निर्वाचन समितिले तोकेको स्थलमा सम्पन्न हुनेछ ।

मतदानको समय समाप्त भए पश्चात मतगणना कार्य सम्बन्धित निर्वाचन समितिले तोकेको स्थानमा सम्पन्न गरिनेछ ।

निर्वाचन कार्यतालिकामा आवश्यकता अनुसार केन्द्रीय निर्वाचन समितिले फेरबदल गर्न सक्नेछ ।


निर्वाचन कार्यविधि तथा सम्पूर्ण तहका निर्वाचन कार्यक्रम नेपाल पत्रकार महासंघको वेवसाईटwww.fnjnepal.orgमा समेत प्रकाशन गरिनेछ ।


***नोटः- केन्द्रीय निर्वाचन कार्यालय महासंघको केन्द्रीय कार्यालय सञ्चारग्राम,तिलगंगा, काठमाडौंमा रहनेछ । उम्मेदवारी दर्तालगायतका निर्वाचन सम्बन्धी सबै काम निर्वाचन समितिको कार्यालयबाट हुनेछ ।***

**पुनश्चः- उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा उम्मेदवारीको पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपिको वर्णानुक्रमानुसार प्रकाशन गरिने छ ।**


निर्वाचन समितिका तर्फबाट

| | | | | | | |
|---|---|---|---|---|---|---|
| भक्तिराम | अरुण पौड्याल | विष्णुमाया | हरिन्द्रप्रसाद | कपिलचन्द्र पोखरेल | देवेन्द्र झा | कपिल काफ्ले |





| | | | | | | |
|---|---|---|---|---|---|---|
| घिमिरे | | भुसाल | राई | | | |
| सचिव | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य | संयोजक |



# अनुसूची २

## नियम ५ (२) सँग सम्बन्धित

## उम्मेदवारको मनोनयन फाराम

म नेपाल पत्रकार महासंघको केन्द्रीय समितिको निर्वाचनमा उम्मेदवार हुन इच्छुक भएको हुँदा निर्वाचन कार्यविधि, २०७७ को नियम ५(४) मा उल्लिखित शुल्कबमोजिमको बैंक भौचर यसैसाथ राखी यो मनोनयनपत्र दाखिला गरेको छु ।

उम्मेदवारको नाम :

ठेगाना :

उम्मेदवार हुन चाहेको पद :

निर्वाचन क्षेत्र :

मतदाता क्रमसंख्या तथा क्षेत्र :

म लगातार ........... वर्षदेखि महासंघको सदस्य रहेको छु र महासंघको विधानको धारा १६(८) बमोजिम हुनुपर्ने योग्यता पूरा भएको घोषणा गर्दछु । साथै मैले हाल उम्मेदवारी दर्ता गरेको पदमा यसअघि लगातार दुईपटक पदभार ग्रहण नगरेको व्यहोरासमेत स्पष्ट गर्दछु । मेरो उक्त योग्यता पूरा नभएको देखिएमामनोनयन पत्र रद्द गरेमा मेरो मञ्जुरी छ।

उम्मेदवारको हस्ताक्षर : मिति :

| प्रस्तावक | समर्थक |
|---|---|
| नाम : | नाम : |
| मतदाता क्रमसंख्या र क्षेत्र | मतदाता क्रमसंख्या र क्षेत्र |
| हस्ताक्षर | हस्ताक्षर |
| | |

निर्वाचन समितिले भर्ने

दर्ता नं : मिति :

निर्वाचन समितिका तर्फबाट आधिकारिक हस्ताक्षर : 

## अनुसूची ३

### नियम १०(१) संग सम्बन्धित मतपत्रको नमूना

### नेपाल पत्रकार महासंघ, केन्द्रीय समितिको निर्वाचन - २०७७

### <u>पदाधिकारी र लेखा समितिको मतपत्र</u>

प्रत्येक पदमा १ । १ जनालाईमात्र मतदानचिन्हलगाउनु होला ।

अध्यक्ष :-

१) ................................................

२)................................................

३)..................................................

वरिष्ठउपाध्यक्षः-

१) ................................................

२)..................................................

३) ..................................................

उपाध्यक्ष(महिला):-

१) ................................................


२)..................................................

३) ..................................................

उपाध्यक्ष(समावेशी):-

१) ................................................

२)..................................................



३) .............................................. 

महासचिवः-

१)..............................................

२)..............................................

३)............................................

सचिवः- (खुल्ला-१)

१)..............................................

२).............................................

३)..............................................

सचिवः- (महिला-१)

१)................................................

२).............................................

३)..........................................

सचिवः- (आदिवासी जनजाति-१)

१)................................................

२).............................................

३)..........................................


सचिवः- (मधेसी-१)


१)................................................

२).............................................

३)..........................................

सचिवः- (दलित-१)





१)...................................................

२)..............................................

३)...........................................

सचिवः- (एशोसिएट-१)

१)...................................................

२)..............................................

३)...........................................

कोषाध्यक्षः-

१).............................................

२)...........................................

३)............................................

लेखा समितिसंयोजक १ जना

१)...................................................

२)..............................................

३)...........................................

लेखा समिति सदस्य (खुल्ला) १ जना

१).............................................


२)..............................................

३)...........................................

लेखा समिति सदस्य (महिला) १ जना

१)...................................................


२)..............................................



३)............................................



निर्वाचन समिति सदस्य                                                     मतदान अधिकृत





**नेपाल पत्रकार महासंघ**

**केन्द्रीय समितिको निर्वाचन – २०७७**

**<u>सदस्य पदको मतपत्र</u>**

खुल्ला सदस्य५ जनालाई मात्र मतदान चिन्ह √ लगाउनु होला ।

१)...................................................

२)................................................

३)...........................................

४)............................................

५)...........................................

**महिला सदस्यहरु:**

महिला सदस्य (मधेसी)१ जनालाईमात्र मतदान √ चिन्ह लगाउनुहोला ।

१) ................................................

२)................................................

महिला सदस्य (आदिवासी जनजाति) १ जनालाई मात्र मतदान √ चिन्ह लगाउनुहोला ।

१) ................................................

२)................................................

महिला सदस्य (खस आर्य) १ जनालाई मात्र मतदान √ चिन्ह लगाउनुहोला ।


१) ................................................

२)................................................

महिला सदस्य (दलित) १ जनालाई मात्र मतदान √ चिन्ह लगाउनुहोला ।

१) ................................................

२)................................................





**सदस्य (दलित) २  (अनिवार्य १ महिला)**

सदस्य (दलित) २ जनालाई मात्र मतदान √ चिन्ह लगाउनु होला ।

१) ..............................................

२)...............................................

सदस्य (आदिवासी जनजाति) २ (अनिवार्य १ महिला)

सदस्य (आदिवासी जनजाति)२ जनालाई मात्र मतदान √ चिन्ह लगाउनु होला ।

१)...............................................

२)...............................................

सदस्य (मधेशी) २ (अनिवार्य १ महिला)

सदस्य (मधेशी) २ जनालाई मात्र मतदान √ चिन्ह लगाउनु होला ।

१)..................................................

२)..............................................


सदस्य (अपाङ्गता) १जनालाईमात्र मतदान √ चिन्ह लगाउनु होला ।

१)..................................................


सदस्य (अल्पसंख्यक) १जनालाईमात्र मतदान √ चिन्ह लगाउनु होला ।

१)..................................................

निर्वाचन समिति सदस्य                                        मतदान अधिकृत









**नेपाल पत्रकार महासंघ**

**केन्द्रीय समितिको निर्वाचन २०७७**

**<u>सदस्यपदको मतपत्र</u>**

........................... प्रदेश

२ जनालाई मात्र [ √ ] चिन्ह लगाइ मतदान गर्नुहोला ।

१) ............................................ [ ]

२)............................................ [ ]


३)............................................ [ ]

४)............................................ [ ]

५)............................................ [ ]

६)............................................ [ ]


निर्वाचन समिति सदस्य          मतदान अधिकृत




अनुसूची४

नियम१४(२) सँग सम्बन्धित

## सदर र बदरमतको नमूना







**अनुसूची५**

**नियम १६ सँग सम्बन्धित**

**नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समितिबाट जारी**

**प्रमाणपत्र**

तपाईं श्री ........................................... नेपाल पत्रकार महासंघको मिति २०७७ चैत्र महिना २५ गते सम्पन्न निर्वाचनबाट ............................पदमा निर्वाचित हुनुभएकोलेहार्दिक बधाईका साथ यो प्रमाणपत्र प्रदान गरिएको छ ।

सफल कार्यकालको शुभकामना !

| | | | | | | |
|---|---|---|---|---|---|---|
| भक्तिराम घिमिरे | अरुण पौड्याल | विष्णुमाया भुसाल | हरिन्द्र प्रसाद राई | कपिल चन्द्र पोखरेल | देवेन्द्र झा | कपिल काफ्ले |
| सचिव | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य | संयोजक |

मिति :

